

# विश्व

**भ्रष्टाचारी**

मलेसियाका पूर्वप्रधानमन्त्री नजिब रज्जाक पत्रकारसँग बोल्दै। भ्रष्टाचारको आरोप लागेका रज्जाकले प्रहरी छापामारी जफत गरिएका आफ्ना गहना तथा सामानको मूल्य अत्यन्त बढाइचढाइ गरेको बताएका छन्।



**क्लिक**

खोलाबाट माछा टिप्दै गरेका एक बाज। उक्त तस्वीर क्यामरामा कैद गर्न फोटोग्राफरले ६ घण्टासम्म कुर्नुपरेको बताए।



2018, JUN
Saturday
30

## विश्व २ मिनेट

### बेलायत

#### अन्तर्वाताको विरोध

लन्डन, (एजेन्सी)

बेलायतको मोर्मोन चर्चका वर्तमान तथा पूर्वसदस्यहरूले आठ वर्षसम्मका कलिला बालबालिकालाई पनि यौनबारे वार्षिक अन्तर्वार्ता लिने चलनको अन्त्य गरिनुपर्ने आवाज उठाएको सो चर्चा अधिकारीहरूले शुक्रबार बताएका छन्। २७ वर्षीय डेविड सेफर्डले भिक्टोरिया डर्विसायर कार्यक्रममा आफूलाई त्यस्तो अन्तर्वाता लिएकोमा निकै गल्ती र अपराध महशुस भइरहेको बताएका छन्। मोर्मोन चर्चमा हुर्केका लन्डन निवासी सेफर्डले तिनीहरूले आफूहरूलाई हस्त मैथुन गर्नसमेत सिकाउँदा आफूलाई एकदमै नैतिक पतन महशुस गरेको बताएका छन्। १२ वर्षको उमेरमा एक्लै राखेर विसपद्वारा अन्तर्वार्ता लिने गरिन्छ।

### नाइजेरिया

#### ट्याङ्कर आगलागी

अबुजा, (एजेन्सी)

नाइजेरियाको सबैभन्दा ठूलो शहर लागोसमा एउटा पेट्रोल टैंकरमा आगलागी हुँदा कम्तिमा नौजना मानिसको ज्यान गएको सरकारी अधिकारीहरूले शुक्रबार बताएका छन्। व्यस्त राजमार्गमा ट्रक नियन्त्रणभन्दा बाहिर गएर पेट्रोल पोखिएपछि पाँचवटा बसलगायत अन्य ५० वटाभन्दा बढी सवारी साधनमा आगलागी भएको थियो। ब्रेकफेल भएको कारण ट्याङ्कर दुर्घटनाग्रस्त भएको प्रहरीले जनाएको छ। इन्धन विस्फोटन हुनु नाइजेरियामा सामान्य घटना हो। थोत्रा सवारी साधनमा खराब बाटोबाट पेट्रोल ढुवानी गर्ने गरिन्छ।

### बेल्जियम

#### नग्न फोटोसुट

ब्रसेल्स, (एजेन्सी)

बेल्जियमका एक कलाकारले जेरुसेलमस्थित पवित्र पर्खालअगाडि नग्न तस्वीर खिचेकोमा विवाद उठेको छ। जेरुसेलमलाई यहुदी, मुसलमान र इसाई तीनै धर्ममा अत्यन्त पवित्र तीर्थस्थल मानिन्छ। यसअघि पनि उनले इजिप्टको एक प्राचीन मन्दिरभित्र नग्न फोटोसुट गराएकी थिइन्। त्यतिबेला उनलाई हिरासतमा लिइएको थियो। कलाकार मेरिसाले छतमा झुके पश्चिमी पर्खालतर्फ फर्केको नग्न फोटोसुट गराएकी थिइन्। आफ्नो वेबसाइटमा 'द वाल अफ सेम' शीर्षकमा पोस्ट गरेकी थिइन्। उनले धार्मिक र राजनीतिक संकीर्णताले व्यक्तिगत स्वतन्त्रता दुर्लभ बनिरहेको बताएकी छिन्।

### पाकिस्तान

#### इमरान भाइरल

इस्लामावाद, (एजेन्सी)

पाकिस्तानको तहरिक-ए-इन्साफका प्रमुख इमरान खान र उनकी पत्नी बुसरा बीबीको एक दरगाहको ढोकाअगाडि टाउको टेकको भिडियो विवादास्पद बनेको छ। दरगाह गएको बेलाको उक्त भिडियो अरू कसैले बनाएको र अहिले सामाजिक सञ्जालमा भाइरल भइरहेको छ। उक्त भिडियोलाई लिएर विरोधीले धार्मिक रुपमा गलत बताइरहेका छन्। तर उनका पार्टीका समर्थकहरू यसको समर्थन गरिरहेका छन्। इमरान खानमाथि भइरहेको आलोचनाको जवाफमा एक प्रयोगकर्ताले पीपीपी नेता बिलावल भुट्टो जरदारीले कुनै हिन्दू देवतालाई पानी छर्किरहेको तस्वीर सेयर गरेका छन्।

# अमेरिकी अखबार कार्यालयमा गोलीकाण्ड

## पाँच मारिए, दुई घाइते



The Capital

FRIDAY, JUNE 29, 2018 A Capital-Gazette Newspaper ® — Annapolis, MD $1.50

Gerald Fischman
Rob Hiaasen
John McNamara
Rebecca Smith
Wendi Winters

5 shot dead

वासिंगटन, (एजेन्सी)

अमेरिकाको मेरिल्यान्डको अखबार क्यापिटल गजेटले शुक्रबार विशेष सम्पादकीय प्रकाशित गरेको छ। एकजना बन्दुकधारीले सो अखबारको कार्यालयमा पाँचजना पत्रकार तथा कर्मचारीको ज्यान लिनुका साथै अन्य दुईजनालाई घाइते बनाएपछि यो सम्पादकीय निस्केको हो। अखबार निकाल्नका लागि पत्रकारहरूले कार पार्कमा काम गरेका थिए। बिहीबार काँचको ढोकाबाट समाचार कक्षमा ती आक्रमणकारीले सट गनबाट गोली प्रहार गरेका थिए। घटनालगत्तै उनलाई प्रहरीले गिरफ्तार गरेको थियो।

क्यापिटल गजेटका पत्रकार चेज कुकले ट्विटरमार्फत संकटपूर्ण स्थितिमा पनि अखबार निस्कने जानकारी दिएका थिए। ज्यारोंड रामोस नाम उनी विरुद्ध हत्याको अभियोग लगाइएको छ। उनको जमानत निवेदनमाथि अदालतमा चाँडै नै सुनुवाइ हुने सरकारी अधिकारीहरूले बताएका छन्।

उनले सन् २०१२ मा आफ्नो अपमान गरिएको भन्दै यस अखबारबाट क्षतिपूर्ति लिने असफल प्रयास गरेका थिए। अखबारले हिजोको अंकमा पहिलो पृष्ठमा आक्रमणमा मारिने सहकर्मीहरूप्रति तस्वीरसहितको समवेदना प्रकाशित गरेको छ।

सो अखबारका कर्मचारी सेलेन सान फेलिसले गोली चल्न थालेपछि डेस्कमुनि सुतेको र पछाडिको ढोकाबाट भाग्न खोजेको तर ढोका बन्द रहेको सीएनएनलाई बताएकी छिन्।

आक्रमणका बेला त्यहाँ रहेका क्राइम रिपोर्टर फिल डेविसले गजेटकै भ्रातृ अखबारका रुपमा रहेको दी बाल्टिमोर सनलाई आक्रमण हुँदा आफूलगायत अन्य सहकर्मी डेस्कमुनि लुकेको बताएका छन्। केही समयपछि आक्रमणकारीलाई पनि एउटा डेस्कमुनि लुकिरहेको अवस्थामा पक्राउ गरिएको थियो।

# जवानलाई बढी रासन दिने जनरलको गोली हानी हत्या



सोल, (एजेन्सी)

उत्तर कोरियामा सेनाका एक लेफ्टिनेन्ट जनरललाई सार्वजनिक स्थलमा ९० गोली हानी मृत्युदण्ड दिएको छ। गत जुन १२ मा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग हात मिलाएर विश्वलाई शान्तिको सन्देश दिएका उत्तर कोरियाली नेता किम जोङ उनको आदेशमा उक्त दण्ड दिइएको बताइएको छ।

ती सैन्य अधिकारीमाथि जवानहरूलाई आवश्यकभन्दा धेरै रासन वितरण गरेको आरोप लगाइएको थियो। दक्षिण कोरियास्थित उत्तर कोरियाली समाचारमा निगरानी राख्ने वेबसाइट डेली एनकेका अनुसार हत्याअगाडि एउटा कोठामा सुनुवाइ भएको थियो। सुनुवाइमा उत्तर कोरिया वर्कर्स पार्टीका वरिष्ठ अधिकारी, मन्त्री, सर्वोच्च गार्ड कमान्ड, सेनाका कयौं अधिकारी उपस्थित थिए। सजायँ सुनाएपछि सुनान जिल्लाको काङकाङ सैन्य एकेडमीको फायरिङ जेलमा अधिकारीलाई सबैको अगाडि मारिएको थियो। अधिकारीको पहिचान ह्योन जु सांग भएको बताइएको छ।

गत अप्रिल १० मा ह्योनले एक स्याटलाइट प्रक्षेपण स्टेसनका लागि तेल आपूर्तिको जाँच गर्ने क्रममा भनेका थिए- 'हामी रकेट र परमाणु हतियार बनाउनका लागि अब पनि भोकै बस्न सक्दैनौं।' ह्योनको उक्त बयानलाई शासनको अनादरका रूपमा लिइएको थियो। ह्योनले प्रक्षेपण केन्द्रस्थित सैन्य अधिकारी र उनका परिवारका लागि १ टन इन्धन, ५ सय ८० किलोग्राम चामल र ७ सय ५० किलोग्राम मकै पठाउन आदेश दिएको थियो। यसलाई पार्टी विरोधी कार्य मानिएको थियो। ह्योनसँगै ९ जना अन्यलाई पनि आरोपी बनाइएको थियो।

सजायँ दिने क्रममा ह्योनलाई फायरिग रेन्जमा लगिएको र अन्य आरोपीहरूबाट उनीमाथि ९० गोली प्रहार गर्न लगाइएको समाचारमा उल्लेख गरिएको छ। यसअघि पनि किमले एउटा बैठकमा निदाएका आफ्ना रक्षा प्रमुख ह्योङ योङलाई मृत्युदण्ड दिएका थिए।

# इराकमा १२ जनालाई मृत्युदण्ड



बग्दाद, (एजेन्सी)

आतंककारी अभियोगमा दोषी पाइएका १२ जना व्यक्तिलाई बिहीबार इराकमा मृत्युदण्ड दिइएको सरकारी अधिकारीहरूले बताएका छन्। इराकी प्रधानमन्त्री हैदर अल अवादीले तिनीहरूलाई तत्काल मृत्युदण्ड दिन आदेश दिएका थिए।

सोही दिन इस्लामिक स्टेट समूह (आईएस) को कब्जामा रहेका आठजना मानिसको शव राजधानी बग्दाददेखि उत्तरमा पर्ने एक राजमार्गमा फेला परेको थियो। तर मानव अधिकारवादी समूहहरूले आईएसको सदस्य रहेको आशंका गरिएका तिनीहरूमाथि चलाइएको मुद्दा सामूहिक मृत्युदण्डप्रति गम्भीर चिन्ता व्यक्त गरेका छन्।

अहिलेसम्म विदेशीहरूलगायत सयौंका संख्यामा इराकमा आतंककारीको आरोप मृत्युदण्ड दिइसकेको बताइएको छ। इराकको न्याय मन्त्रालयले भने १३ जनालाई मृत्युदण्ड दिइएको जनाएको छ। इराकी सरकारले मृत्युदण्ड दिइएकाहरूको परिचय खुलाएको छैन।

यद्यपि गत डिसेम्बरमा नै प्रधानमन्त्री अवादीले इराकमा जिहादी समूहले भने छापामार शैलीमा राष्ट्रका विभिन्न स्थानमा आक्रमण जारी नै राखेको छ। पछिल्ला केही वर्षमा हजारौं व्यक्तिलाई आईएससँग आवद्ध रहेको आशंकामा गिरफ्तार गरिएको छ भने अज्ञात संख्यामा मानिसहरूलाई मृत्युदण्ड दिइएको छ।

यसै गरी ७ सयजना विदेशी महिलालाई पनि यसै अभियोगमा गिरफ्तार गरिएको छ। तिनीहरूमध्ये अधिकांश मृत्युदण्डको प्रतिक्षामा बसेका छन्। एक जना जर्मन महिलालाई गत जनवरीमा मृत्युदण्ड दिइएको थियो।

# जगन्नाथ मन्दिरमा भारतका राष्ट्रपति कोविन्दमाथि दुर्व्यवहार

नयाँदिल्ली, (एजेन्सी)

भारतका राष्ट्रपति रामनाथ कोविन्द र उनकी पत्नी सविता कोविन्दलाई पुरीको प्रसिद्ध जगन्नाथ मन्दिरका पन्डाहरूद्वारा दुर्व्यवहार भएको खुलासा भएको छ। राष्ट्रपति कोविन्दले दलित समुदायलाई प्रतिनिधित्व गर्छ।

राष्ट्रपति भवनले उक्त दुव्यर्वहारलाई लिएर गहिरो असन्तोष व्यक्त गरेको छ। यो घटना गत मार्च १८ राष्ट्रपति कोविन्द र उनकी पत्नी प्रभु जगन्नाथको दर्शनका लागि गएको बेला भएको थियो। गत मार्च २० मा भएका मन्दिरको प्रबन्धन कमिटीको बैठकको विवरण सञ्चार माध्यममार्फत बाहिर आएपछि मात्र मंगलबार यो कुरा थाहा पाएको हो।

सञ्चार माध्यममा चुहावट भएको बैठकको माइनुट्समा भनिएको छ- महामहिम राष्ट्रपति जब प्रभु जगन्नाथ विराजमान भएका रत्न सिंहासनमा माथा टेक्न गए, त्यहाँ उपस्थित सेवकहरूले उनका लागि मार्ग छोडेनन्। केही सेवक महामहिम राष्ट्रपतिको शरीरसँग टाँस्सिएका थिए। यहाँसम्म कि महामहिम राष्ट्रपतिकी पत्नी, भारत वर्षकी 'फर्स्ट लेडी' उनको अगाडि आएका थिए। यस विषयलाई लिएर राष्ट्रपति भवनका तर्फबाट असन्तोष व्यक्त गरिएको छ।

राष्ट्रपतिले पुरी छोड्ने अगाडि जिल्लाधीष अरबिन्द अग्रवालसँग असन्तोष व्यक्त गरेका थिए। उनी गएको केही समयपछि नै त्यहाँका सेवारत दामोदर महासुआरले सञ्चार माध्यमसमक्ष राष्ट्रपतिका तर्फबाट एक रुपियाँ पनि दक्षिणा प्राप्त नभएको गुनासो गरेका थिए।

राष्ट्रपति र उनकी पत्नीसँग भएको गलत व्यवहार आफैंमा आश्चर्यजनक हो। त्यसमा पनि राष्ट्रपतिले असन्तोष व्यक्त गरेको र मन्दिर प्रबन्धन कमिटीको बैठकमा त्यसमाथि चर्चा भएको तीन महिनापछि पनि मन्दिर प्रशासनले अहिलेसम्म यस संवेदनशील मामिलामा कसैको विरुद्ध कुनै कारबाही नहुनुलाई अचम्मका रूपमा लिइएको छ।

यो तीन महिनामा मन्दिर प्रशासनले यो पुरै घटनामा पर्दा हाल्ने काम मात्र गरेको बताइएको छ। यस प्रकरणमा मन्दिर प्रशासनका कुनै पनि अधिकारीले प्रतिक्रिया दिन तयार नभएको जनाइएको छ। तर यो कुरा सञ्चार माध्यममा आएपछि भने जिल्ला तथा मन्दिर प्रशासनले त्यसको छानबिन गरिरहेको छ।

